# बैठक नं.: ३७

आज मिति २०७३/३/२ गते सोमबारका दिन यस देवचुली नगरपालिकाको नगर प्रमुख श्री दुर्गा कुमार श्रेष्ठ ज्यू को अध्यक्षता मा नगर कार्यपालिकाको ३७ औं बैठक बस्यो ।

## उपस्थिती

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री दुर्गा कुमार श्रेष्ठ | नगर प्रमुख | |
| २. | श्री पार्वता तिवारी | नगर उप-प्रमुख | |
| ३. | श्री लक्ष्मण राज भण्डारी | कार्यपालिका सदस्य | |
| ४. | श्री माधव के.सी. | ״ | |
| ५. | श्री गोपाल राज शर्मा लम्साल | ״ | |
| ६. | श्री गिर बहादुर थापा क्षेत्री | ״ | |
| ७. | श्री शिव लाल पायकोट | ״ | |
| ८. | श्री मित्र बहादुर सोती | ״ | |
| ९. | श्री भुपराज पाठक | ״ | |
| १०. | श्री चन्द्र बहादुर सिंजाली | ״ | |
| ११. | श्री भैरव बहादुर थापा दरु मगर | ״ | |
| १२. | श्री केशर आले | ״ | |
| १३. | श्री रमेश बहादुर ठाडा | ״ | |
| १४. | श्री दिना नाथ घुषाल | ״ | |
| १५. | श्री डिल बहादुर खत्री | ״ | |
| १६. | श्री हेम राज देवारी | ״ | |
| १७. | श्री हरि भक्त भट्टराई | ״ | |
| १८. | श्री केशर बहादुर धोती | ״ | |
| १९. | श्री विष्णु प्रसाद आचार्य | ״ | |
| २०. | श्री टिका माया सिंजाली | ״ | |
| २१. | श्री सकुन्तला गुरुङ | ״ | |
| २२. | श्री सुकेशचन्द्र सुवेदी | ״ | |
| २३. | श्री माया सुवेदी | ״ | |
| २४. | श्री नव कुमारी शर्मा | ״ | |
| २५. | श्री कमला बम | ״ | |
| २६. | श्री खेम लाल नेपाली | ״ | |
| २७. | श्री भोज बहादुर भामी | ״ | |
| २८. | श्री विष्णु प्रसाद घुषाल | सदस्य-सचिव | |

Scanned by CamScanner

## अन्य आमन्त्रित

१. शिवलाल श्रेष्ठ - प्रशासन तथा योजना अनुगमन अधिकृत
२. राम प्रसाद शर्मा, नगर शिक्षा प्रमुख, शिक्षा शाखा
३. टिकाराम बडुवाल, - इन्जिनियर
४. श्रीमद् पौडेल - लेखा अधिकृत
५. मोती प्रसाद रिजाल - शा.अ. शिक्षाशाखा
६. अविनाश पन्थी → अधिकृत, प्रशासन शाखा
७. विना पौडेल →
८. आकाश डोर्जे - कम्प्यु. अपरेटर
९. क्षमाहरी सापकोटा → सूचना प्रविधि अधिकृत

क्रमशः

Scanned by CamScanner

प्रमुख प्रशासकीय अधिकृत
पूर्ण कुमार श्रेष्ठ
नगर प्रमुख

निर्णयहरु

१) आवश्यक प्रक्रिया पुरा भई पेश भएका देहायका कार्यविधि र निर्देशिका पारित गर्ने निर्णय गरियो ।

क) करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७६

ख) बाल समूह गठन तथा सहजीकरण निर्देशिका, २०७६

२) देहायका योजनाहरु सम्पन्न गर्नका लागि आवश्यक बजेट आन्तरिक श्रोतबाट थप गर्ने निर्णय गरियो ।

क) सामुदायिक पुस्तकालय वडा नं. ११ धारापानीको भवन निर्माण थप रकम रु २८४०००।००

ख) श्री प्रभात जनता नि.मा.वि. वडा नं. १६ बाह्कोलको खेल मैदान सम्याउने कार्य रु. १४९४३२।००

ग) लुम्बिनी प्ल्सद्धारा संचालित एच.आई.भि. एड्स सम्बन्धी कार्यक्रम रु. ३००००।००

घ) सशस्त्र प्रहरी वल नेपाल औधोगिक सुरक्षा बेस दलदलेलाई खानेपानी ट्याँकी २००० लिटरको एक थान र १० फूटे जस्ता पाता १५ थान खरिद गरि दिने ।

ङ) पिपरहर होमस्टेको सामुदायिक भवन निर्माण वडा नं. १७, सिमसार बोटेमाझी सामुदायिक होमस्टे भवन निर्माण वडा नं. १, ज्येष्ठ नागरिक भवन निर्माण वडा नं.७ लाई प्रतिबद्धता बमोजिमको १० प्रतिशत रकम ।

च) बरचुली मा.वि.को झ्याल ढोका तथा फर्निचर निर्माणको लागि रु ४०००००।००

छ) राष्ट्रपति रनिङशिल प्रतियोगितामा नपुग रकम रु १५००००।००

ज) वडा नं. १२ को वडा दिवस मनाउँदा भएको खर्च रु १०३४२५।००

झ) ह्याप्पी एफ.एम. दलदले एडुकेशन फेयर कार्यक्रमको लागि रु. १०००००।००

ञ) वडा नं. १ र २ स्थित हमालचोक देखि कमल केशीको घर हुँदै रोसन पौडेलको घरसम्म कालोपत्रे सडक नपुग रकम रु १२१००००।००।००

ट) वडा नं. १६ स्थित नयाँबजार र सिर्जना टोल जोड्ने कल्भर्ट निर्माण रु.१०००००।००

ठ) वडा नं. १५ स्थित गौरीशंकर सडक स्तरोन्नति नपुग बजेट रु २५००००।००

ड) देव प्रगति बहुउद्देश्यीय सहकारी संस्थासंग कृषि हाटबजार भवन निर्माण गर्न वित्तीय समानीकरण शिर्षक अन्तर्गत कृषि हाट बजार प्रवर्द्धन शिर्षकको रु ३ लाख समपुरण गर्ने ।

पूर्ण कुमार श्रेष्ठ
नगर प्रमुख

Scanned by CamScanner

विष्णु प्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

पूर्ण कुमार श्रेष्ठ
नगर प्रमुख

ढ) वडा नं.९ विशालटारमा निर्माणाधीन संकटमोचन शिवालय मन्दिरको लागि रु ५० हजार सम्मको निर्माण सामग्री उपलब्ध गराउने ।

३) पाठशाला मन्टेश्वरी स्कूल देवचुली वडा नं. ३ केउरेनीलाई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को ज(२) बमोजिम कक्षा १ सम्म सञ्चालनको अनुमति दिने निर्णय गरियो ।

४) नगरकार्यपालिकाको बैठक र विषयगत समितिको बैठकमा सहभागि हुन आउदा जादाको यातायात र अन्य खर्च वापत पदाधिकारीहरुलाई रु. १०००।०० का दरले सुविधा उपलब्ध गराउने र अनुगमन समितिलाई रु. ५ लाखभन्दा बढिको योजनाको अनुगमन गर्दा यातायात र खाजाखर्च वापत जनही रु. १०००।०० सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

५) विद्युतको टान्स्फरमर जलेको वा मर्मत गर्नुपर्ने भनि विभिन्न स्थानवाट नयां टान्स्फरमर खरिद गर्न एवम् पुरानो टान्स्फरमर मर्मत सम्भार गर्नको लागि बजेट माग भई आउने गरेको सन्दर्भमा विद्युतलाई अत्यावश्यक सेवा मानी सम्वन्धित सेवाप्रदायक कम्पनी वा विद्युत प्राधिकरणको समन्वयमा आवश्यक बजेट आन्तरिक स्रोतबाट विनियोजन गरी तत्काल सेवा सुचारु गर्ने निर्णय गरियो ।

६) नगरकार्यपालिका सदस्यहरुलाई मोबाइल खर्च वापत जनही मासिक रु ५००।०० उपलब्ध गराउने निर्णय गरियो ।

७) नगरपालिकाको पशिचममा रहेको लोकाहा खोला पुर्व उद्योग ग्राम स्थापना गर्न उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालयमा आवश्यक कागजात सहित अनुरोध गरि पठाउने ।

८) शसर्त अनुदान तर्फको पशु हाटबजार निर्माण वडा नं. १६ मा गर्ने ।

९) देवचुली नगरपालिका क्षेत्रका खोला, नदीनाला तथा निजी जग्गाबाट ढुङ्गा, गिट्टी, वालुवा, ग्रावेल, माटो आदी उत्खनन् तथा संकलनलाई व्यवस्थित गर्ने कार्यविधिको दफा ६(२) पछि देहायको उपदफा थप गरि कार्यविधि संशोधन गर्ने ।

(३) "तर देवचुली नगरपालिकाबाट संचालित योजनाहरु सम्पन्न गर्नको लागि नदीजन्य पदार्थ नभै नहुने भएमा नदीमा बाढि नआउदैको अवस्थामा प्रारम्भिक वातावरणीय परिक्षणमा तोकिएको मापदण्ड विपरित नहुने गरि दक्ष प्राविधिक र जनप्रतिनिधिको रोहवरमा असारको दोश्रो हप्तासम्म ढुङ्गा, गिट्टी, वालुवा, ग्रावेल माटो निकाल्न सकिनेछ" भन्ने वाक्याँस थप गर्ने ।

१०) वडा नं. ११ र १२ को सिमाना कुनाघाट सिर्जना चोकदेखि तलफोहर डम्पिङ्ग गरेको स्थानको तलपट्टि फोहर बग्नबाट बचाउन तत्काल ग्याविन जाली भर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

पूर्ण कुमार श्रेष्ठ
नगर प्रमुख

Scanned by CamScanner

११) यस आ.व.को जेठ मसान्तसम्मको आयव्ययको विवरण प्रस्तुत भई जानकारी भयो ।

१२) देवचुली र बरचुली मा.वि.को भवन निर्माण र खेल मैदानको विषयमा भएको विवादका सम्बन्धमा र टोक्रे नहरमा आएको बाढीले क्षति पुर्‍याएको भनी वडा नं. ९ निवासी बिरेन्द्र काफ्लेले क्षतिपूर्ति पाउँ भनि निवेदन दिएको सन्दर्भमा सम्बन्धित विषयगत समितिबाट सुझाव माग गर्ने निर्णय गरियो ।

पूर्ण कुमार श्रेष्ठ
नगर प्रमुख

Scanned by CamScanner